आज मितिः२०७८।०६।२२ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | वासुदेव खनाल | सचिव | |

मिति : २०७८।०६।२२

अन्य उपस्थिती

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| २३ | बाबुराम भट्टराई | उप सचिव | |
| २४ | राजकुमार तिवारी | पशु चिकित्सक | |
| २५. | रिवम ब. जि.सी. | शा.अ. | |
| २६. | लोक ब. के.सी. | कृ.वि.अ. | |
| २७. | रामचन्द्र मरासिनी | ले.अ. | |
| २८. | केशवराज भट्टराई | शा.अ. | |
| २९. | तेज ब. सोमै | व.क.नि. | |
| ३०. | शान्तराज आचार्य | शा.अ. | |
| ३१. | ठगराज पौडेल | अधिकृत छैठौं | |
| ३२. | सुदन प्रसाद घिमिरे | " | |
| ३३. | सुनिल श्रेष्ठ | इन्जिनियर | |
| ३४. | सन्तोष ब. थापा | सहायक पाँचौं | |
| ३५. | शुशिला पन्थ | " | |
| ३६. | दीपक थापा | " | |
| ३७. | सुरज घिमिरे | इन्जिनियर | |
| ३८ | मिलन पोखरेल | एम आइ एस [illegible] | |
| ३९ | हेमकान्त खनाल | ना.सु. | |
| ४० | आदेश भट्टराई | प्र.ले.पा. | |
| ४१ | चिनामाया खनाल | [illegible] | |
| ४२ | खड्ग प्रसाद पाण्डे | का.स. | |
| ४३ | लक्ष्मी खनाल | का.स. | |
| | | | |

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७८।०६।२२

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. पशुसेवा, स्वास्थ्य तर्फको दररेट स्वीकृत सम्बन्धमा।
२. दरवन्दी मिलान समायोजन।
३. बालमैत्री स्थानीय शासन २०७८ सम्बन्धमा।
४. नदीजन्य पदार्थको ठेक्का सम्बन्धमा।
५. स्वास्थ्य चौकी अन्तर्गत प्रयोगशालामा कार्यरत ल्याव असिस्टेन्ट सम्बन्धमा।
६. निजि स्वास्थ्य संस्थाहरुको सञ्चालन स्वीकृत गरी दर्ता सम्बन्धमा।
७. बजार अनुगमन प्रतिवेदन सम्बन्धमा।
८. सहकारी अध्ययन कार्यदलको प्रतिवेदन सम्बन्धमा।
९. सहकारी खारेजी सम्बन्धमा।
१०. आयुर्वेद अस्पतालको विस्तृत परियोजना प्रतिवेदन तयारी सम्बन्धमा।
११. भवन घरनक्सा नम्बरीङ र EBPS System जडान सम्बन्धमा।
१२. बुट्कहवा ट्रस ब्रिजको ठेक्का व्यवस्थापन सम्बन्धमा।
१३. आधारभूत स्वास्थ्य सेवा केन्द्रको बाउन्ड्रीवालको बजेट सम्बन्धमा।
१४. विविध

**निर्णयहरुः-**

**निर्णय नं. १**

आ.व.०७८।७९ मा विभिन्न कार्यक्रमको लागि खरिद गरिने वस्तुहरुको निम्नानुसारको दररेट स्वीकृत गर्ने।
स्वास्थ्य तर्फः आ.व.०७८।७९ को नगर दररेट अनुसूची-२ बमोजिम स्वीकृत गर्ने
आयुर्वेद तर्फः आ.व.०७८।७९ को नगर दररेट अनुसूची-३ बमोजिम स्वीकृत गर्ने
पशु सेवा तर्फः आ.व.०७८।७९ को नगर दररेट अनुसूची-४ बमोजिम स्वीकृत गर्ने

**निर्णय नं. २**

बाणगङ्गा नगरको विद्यालय मर्ज (समायोजन) एवं दरबन्दी मिलान सम्बन्धी कार्यदलले गरेको सिफारिस र दरबन्दी मिलान समितिको सिफारिस अनुसार नगर शिक्षा समितिको मिति २०७८।०६।२२ गतेको बैठकबाट समेत अनुमोदन भई कार्यपालिकामा निर्णयार्थ पेश गरे अनुसार तपसिलका विद्यालयलाई मर्ज (समायोजन) एवं समायोजन गरी तपसिल अनुसारको विद्यालयगत रुपमा दरबन्दी कायम गर्ने।

समायोजन हुने विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | हाल रहेको कक्षा | कायम गर्ने कक्षा | ४ र ५ का कक्षा समायोजन गर्ने विद्यालय |
|---|---|---|---|---|---|
| १. | कोटिया आधारभूत विद्यालय | गंगोलिया , बा.न.पा.-२ | १-५ | १-३ | गौरी भवानी मा.वि. भक्तौली |
| २. | कोठीनदी आधारभूत विद्यालय | गोगापूर, बा.न.पा.-१० | १-५ | १-३ | कामता मा.वि.करेलिया |
| ३. | जनसहयोग आधारभूत विद्यालय | मैनहरा, बा.न.पा.-११ | १-५ | १-३ | दुर्गाभवानी आ.वि.कर्महना |
| ४. | शारदा आधारभूत विद्यालय | मझौवा, बा.न.पा.-१ | १-५ | १ | कामता मा.वि.करेलिया |

दरवन्दी मिलान हुने विद्यालयहरु र थप घट हुने दरबन्दी

| दरवन्दी कट्टा हुने विद्यालय र संख्या | | | आधारभुत | | माध्यमिक | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | कट्टा हुने संख्या | थप हुने संख्या | कट्टा हुने संख्या | थप हुने संख्या |
| १ | सिद्धार्थ मा.वि.बुंची | १-१० | ० | १ | ० | ० |
| २ | बाल मा.वि.वैरिया | १-१२ | १ | ० | ० | १ |
| ३ | पञ्च आधारभुत विद्यालय वैजलपुर | १-८ | ० | १ | ० | ० |
| ४ | जनता मा.वि. पिपरा | १-१२ | ० | २ | ० | ० |
| ५ | कपिलवस्तु आधारभूत विद्यालय राजपुर | १-५ | १ | ० | ० | ० |
| ६ | वालज्योति आधारभूत विद्यालय कप्टैया | १-५ | १ | ० | ० | ० |
| ७ | गौरी भवानी मा.वि.भक्तौली | १-१० | ० | १ | ० | ० |
| ८ | दुर्गाभवानी आधारभुत विद्यालय कर्महना | १-८ | ० | १ | ० | ० |
| ९ | कोटिया आधारभुत विद्यालय गंगौलिया | १-५ | २ | ० | ० | ० |
| १० | सिद्धार्थ आधारभुत विद्यालय गजेहडा | १-८ | ० | १ | ० | ० |
| ११ | बाणगंगा मा.वि.गजेहडा | १-१२ | ० | १ | १ | ० |
| १२ | सरस्वती आधारभुत विद्यालय, ठांटी | १-३ | ० | ० | ० | ० |
| १३ | महेन्द्र मा.वि.कोपवा | १-१२ | १ | ० | ० | ० |
| १४ | अरायुवर्ष आधारभुत विद्यालय सेमरखोर | १-५ | ० | ० | ० | ० |
| १५ | ज्ञनोदय आधारभुत विद्यालय सुठौली | १-८ | ० | १ | ० | ० |
| १६ | लक्ष्मणघाट मा.वि. | १-१० | ० | ० | ० | १ |
| १७ | जनचेतना आधारभुत विद्यालय वनगाई | १-८ | ० | १ | ० | ० |
| १८ | जनज्योति मा.वि.मोतिपुर | १-१२ | १ | ० | १ | ० |
| १९ | बाणगंगा मा.वि.लौगाई | १-१२ | ० | २ | ० | ० |
| २० | जननी आधारभुत विद्यालय मधुवन | १-८ | ० | १ | ० | ० |
| २१ | सूर्योदय आधारभुत विद्यालय चप्प्रगाउ | १-५ | ० | १ | ० | ० |
| २२ | वरकतिया आधारभुत विद्यालय वालापुर | १-३ | ० | ० | ० | ० |
| २३ | शुद्धोधनजनजीवन मा.वि.भलवाड | १-१२ | १ | ० | ० | ० |
| २४ | वालकल्याण आधारभुत विद्यालय वर्दहवा | १-८ | ० | १ | ० | ० |
| २५ | राम आधारभुत विद्यालय पडरिया | १-८ | ० | १ | ० | ० |
| २६ | भरतापुर आधारभुत विद्यालय | १-७ | ० | ० | ० | ० |
| २७ | कामता मा.वि.करेलिया | १-१० | ० | १ | ० | ० |
| २८ | जनकल्याण आधारभुत विद्यालय वालापुर | १-३ | १ | ० | ० | ० |
| २९ | कोठीनदी आधारभुत विद्यालय गोगापुर | १-५ | १ | ० | ० | ० |
| ३० | सरस्वती आधारभुत विद्यालय लखनपारा | १-५ | ० | ० | ० | ० |
| ३१ | शारदा आधारभुत विद्यालय मझौवा | १-५ | १ | ० | ० | ० |
| ३२ | ने.रा.आधारभुत विद्यालय अहिरौली | १-५ | ० | २ | ० | ० |
| ३३ | ओदारी मा.वि.ओदारी | १-१२ | १ | ० | ० | १ |
| ३४ | हेमराज मा.वि. हथौसा | १-१२ | १ | ० | १ | ० |
| ३५ | सूर्योदय मा.वि.वरवा | १-१२ | ३ | ० | ० | ० |
| ३६ | आदर्श आधारभुत विद्यालय भडिहवा | १-७ | ० | १ | ० | ० |
| ३७ | आधारभुत विद्यालय घरबुधिया | १-५ | १ | ० | ० | ० |
| ३८ | जनसहयोग आधारभुत विद्यालय मैनहरा | १-५ | १ | ० | ० | ० |
| | जम्मा | | १९ | १९ | ३ | ३ |

## निर्णय नं. ३

बाणगङ्गा नगरपालिका बालमैत्री स्थानीय शासन घोषणा कार्य भई सकेको र सो को निरन्तरताको लागि सबै वडामा निरन्तर कार्यरत बालमैत्री सहजकर्ताहरुंको साउन महिनाको रु.७५००।- र भाद्र १ गतेदेखि २०७९ असार मसान्त सम्मको बालमैत्री स्वयंसेवकको रुपमा कामकाजमा लगाई रु.६०००।- का दरले मासिक खाजा वापतको सेवा सुविधा उपलब्ध हुने गरी सम्झौता गरी कामकाजमा लगाउने। कामकाज गरी आएका बालमैत्री सहजकर्ताहरुलाई निरन्तरताका लागि वडाबाट सिफारिस लिने। यदी काम गरी आएकाले काम नगरी नयाँ बालमैत्री सहजकर्ता राख्नुपरेमा वडाबाट नियुक्ती गरी सिफारिस लिने।

## निर्णय नं. ४

तपसिल बमोजिमका नदी तथा खोलाहरुबाट आर्थिक वर्ष ०७८।७९ मा उल्लेखित क्षेत्रबाट निम्नानुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन तथा संकलनको लागि ठेक्का व्यवस्थापन प्रक्रिया अगाडी बढाउने।

| क्र स | नदी/खोला को नाम | उत्खनन् र निकासि का लागि तोकिएको स्थान | आ.व. ०७८/०७९ मा बिक्रिका लागि तोकिएको परिमाण (घन मिटरमा) | नदीजन्य पदार्थ संकलन गरिने क्षेत्र | बिक्रि गर्न सकिने जम्मा बार्षिक परिमाण (घन मिटरमा) | आ.व. ०७८/०७९ को लागि तोकिएको न्यूनतम अंक – मु.अ.कर बाहेक रु |
|---|---|---|---|---|---|---|
| १ | बाणगंगा खोला | वनकसिया क्षेत्र १ | १०८०८ घन.मि | बनकसिया नाका | १६६७५ घ.मि | रु. ७०,६०,९२८।– |
| | | वनकसिया क्षेत्र २ | ५८६७ घन.मि | | | |
| २ | बाणगंगा खोला | मधुबन धाम क्षेत्र बा.न.पा ८ क.व | ७५९६८ घन.मि | मधुवन धामको क्षेत्र | ७५९६८ घ.मि | रु. ३,२१,६८,१९३।- |
| ३ | घिरी खोला | क्षेत्र नं. ६, बक्सिसपुर क्षेत्र | ४१३७ घन.मि | बक्सिपुर क्षेत्र, कालिका सा.व क्षेत्र र सालघारी टोल क्षेत्र | ३९७५७ घ.मी | रु.१,६८,३४,८६३।- |
| | | क्षेत्र नं. ७, कालिका सा.व. क्षेत्र १ | ३७४७ घन.मि | | | |
| | | क्षेत्र नं. ८, कालिका सा.व. क्षेत्र २ | ४०५७ घन.मि | | | |
| | | क्षेत्र नं. ९, कालिका सा.व. क्षेत्र ३ | ५०७८ घन.मि | | | |
| | | क्षेत्र नं. १०, सालघारी टोल क्षेत्र १ | ७०७३ घन.मि | | | |
| | | क्षेत्र नं ११, सालघारी टोल क्षेत्र २ | १५६६५ घन.मि | | | |
| ४ | कोईली खोला | क्षेत्र नं. १, खोजिपुर क्षेत्र | २४०२२ घन.मि | खोजीपुर,सिकारे खोला बांध क्षेत्र | २४०२२ घ.मि | रु.१,०१,७१,९७१।– |

## निर्णय नं. ५

यस बाणगङ्गा नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य चौकीहरुमा ल्यावमा कार्यरत टेक्निसियनहरुको आ.व.०७७।७८ कै सेवा सुविधा अनुसार आ.व.०७८।७९ मा निरन्तरता दिने।

## निर्णय नं. ६

२०७८।०५।२० गते बाणगङ्गा नगरपालिकाका विभिन्न स्थानमा संचालित तपसिल बमोजिमका निजि स्वास्थ्य संस्थाहरुको संचालनका लागी अनुमति दिने।

| सि.नं. | स्वास्थ्य संस्थाको नाम, ठेगाना | स्वीकृत वेड संख्या | भौतिक पूर्वाधार र जनशक्ति |
|---|---|---|---|
| १ | कपिलवस्तु सामुदायिक अस्पताल, बा.नं.पा. ४ | १५ | |
| २ | फेमिलि डेन्टल प्रा.लि. बा.नं.पा.४ | २ | |
| ३ | भैरव डेन्टल प्रा.लि. बा.नं.पा.४ | २ | |
| ४ | चन्द पोलिक्लिनिक बा.नं.पा.४ | २ | |
| ५ | यूनिक डेन्टल, बा.नं.पा.४ | २ | |
| ६ | बाणगङ्गा डेन्टल क्लिलिनिक | २ | |
| ७ | मनकामना डेण्टल, बा.नं.पा.१ | २ | |

## निर्णय नं. ७

बाणगङ्गा नगरपालिकाको क्षेत्रभित्र संचालित व्यवसायहरुमा बिक्रि वितरण हुने सामाग्रीहरुको अनुगमनको लागि नगर उपप्रमुख श्री चक्रपाणि अर्यालको संयोजकत्वमा यस आर्थिक वर्ष ०७८।७९ को प्रथम चौमासिकमा गरिएको अनुगमनबाट पेश भएको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने। अनुगमनको क्रममा देखिएका अनुदानका नियम विपरित बिक्रिका लागि राखिएका रासायनिक मलको मुचुल्का गरिएको परिमाणको बिक्रि रकमको १०% रकम दण्ड जरिवाना स्वरूप असुल गर्ने र अनुगमनको क्रममा भेटिएका म्याद गुज्रेका विउ विजनहरु अभिलेख तयार गरी नष्ट गर्ने।

## निर्णय नं. ८

बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको मिति २०७८/०४/१३ गते बसेको बैठकको निर्यायानुसार नगर उप प्रमुख चक्रपाणि अर्याल ज्यूको संयोजकत्वमा यस नगरपालिका अन्तर्गत रहेका सहकारीहरुको अवस्थाको वारेमा अध्ययन गर्न गठित कार्यदलले दिएको प्रतिवेदनलाई स्वीकृत गर्ने।

## निर्णय नं. ९

आ.व.०७७।७८ मा सहकारीहरुको अनुगमनबाट निस्कृय देखिएका सहकारीहरुलाई खारेजीको लागि २०७८ भदौ १५ गते प्रकासित सूचना अनुसार खारेजी प्रक्रियामा नजान निवेदन दिएका सहकारी बाहेक सूचनामा उल्लेखित अन्य सहकारीहरुलाई खारेजीको जानकारीको लागि पुनः ३५ दिनको सूचना प्रकासित गर्ने ।

## निर्णय नं. १०

हाल बाणगङ्गा ८ मा रहेको आयुर्वेद औषधालयलाई आयुर्वेद केन्द्रको रुपमा स्तरोन्नती गर्न प्रारम्भिक तयारीको लागि DPR निर्माण गर्ने ।

## निर्णय नं. ११

नगरभित्रका वडाहरुको घर नम्बरिङलाई व्यवस्थित बनाउन र घरनक्सा सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन EBPS System लागु गर्ने ।

## निर्णय नं. १२

वडा नं. १० को बुक्तहवा ट्रस ब्रिजको ठेक्का ब्यबस्थापन कार्य अगाडी बढाउने ।

## निर्णय नं. १३

आधारभूत स्वास्थ्य सेवा केन्द्रको बाउन्ड्रीवालको बजेट सम्बन्धमा बिनियोजित बजेटलाई आधारभूत स्वास्थ्यसेवा केन्द्रको निर्मित नयाँ भवन भएका वडाहरुमा बाउन्ड्रीवालको निर्माणको लागि रु.३लाख उपलब्ध गराउने ।

## निर्णय नं. १४ (विविध)

१. गत आ.व.२०७७।७८ मा शुभकामना सप्लायर्स बुटवललाई भुक्तानी दिनुपर्ने विविध सामाग्री खरिद वापतको गत आ.व.मा नसाटिएकोले रु.२,७८,६२६।- मसलन्द तथा कार्यालय सामाग्री खर्च शिर्षकबाट भुक्तानी दिने ।

२. गौ संरक्षणको लागि मौनी वावालाई रु.१०,०००।- सहयोग उपलब्ध गराउने ।

३. यस बाणगङ्गा नगरपालिका भित्र घाईते पशु चौपायाहरुको घाईते गराउने सवारी साधनको पहिचान भए सोही सवारी साधन र पहिचान नभए वा अन्य कुनै कारणले घाईते भए उद्धारको लागि रु.२,०००।- उपलब्ध गराउने ।